नगर सभाको १९ औं अधिवेशनको बैठकमा

नगर उपप्रमुख श्री ज्योती लामिछानेज्यूले

प्रस्तुत गर्नुभएको

आर्थिक वर्ष २०८३/०८४ को

बजेट तथा कार्यक्रम

बेनी नगरपालिका

बेनी, म्याग्दी

मिति: २०८३/०३/०९

आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम

नगर सभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरू,

१. बेनी नगरपालिकाको नगर सभाको १९ औँ अधिवेशनको यस गरिमामय बैठकमा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरेको छु।

२. यस अवसरमा सर्वप्रथम राष्ट्रिय स्वाधीनता, लोकतन्त्र तथा सामाजिक न्याय, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलन, राजनीतिक क्रान्ति, पछिल्लो जेन्जी आन्दोलन एवम् सङ्घर्षलाई स्मरण गर्न चाहन्छु। विभिन्न राजनीतिक परिवर्तनका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञान अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै घाइते र वेपत्ता योद्धा एवम् पीडित नागरिकप्रति बेनी नगरपालिकाको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्दछु । मुलुकको अग्रगामी परिवर्तनका लागि भएका सबै राजनीतिक आन्दोलन तथा आर्थिक र सामाजिक रुपान्तरणको लागि नेतृत्वदायी भुमिका खेल्ने व्यक्तित्वहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

३. आर्थिक वर्ष २०८३/८४ को लागि वार्षिक बजेट तयार गर्दा नगरपालिकाका सबै वडा र विषयगत क्षेत्रहरूमा समानुपातिक रूपमा बजेट विनियोजन गरी समन्याय कायम गर्ने प्रयास गरेको छु ।

४. नगरबासीको माग र आवश्यकता अधिक रहेको तर सो अनुपातमा नगरपालिकामा उपलब्ध आर्थिक स्रोत न्यून रहेको हुँदा बस्तिस्तरबाट माग भई आएका सम्पूर्ण योजना तथा कार्यक्रमहरूलाई बजेटमा समावेश गर्न सकिएको छैन । तथापी उपलब्ध साधनश्रोतको अधिकतम उपयोग हुने गरी बजेट तयार गर्ने प्रयास गरेको छु । बजेटको प्रभावकारिता यसको प्रभावकारी कार्यान्वयनबाट हुने हुनाले बजेट कार्यान्वयनमा सबैको सार्थक सहभागिताको अपेक्षा गर्दछु ।

५. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा देहाय बमोजिमका उद्देश्यहरु तय गरेको छु:

   क) स्थानीय अर्थतन्त्रलाई गतिशील बनाई उच्च, दिगो तथा समावेशी आर्थिक वृद्धि हासिल गर्न योगदान पुर्याउनु,
   ख) ग्रामीण बस्तिहरुलाई बजारसँग आवद्ध गर्न पर्यावरणमैत्री दिगो पूर्वाधार विकास गर्नु,
   ग) गुणस्तरीय शिक्षा र स्वास्थ्यको माध्यमबाट मानव विकासको अवस्थामा सुधार गर्नु,
   घ) स्थानीय शासनको सबलीकरण, सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि र सुशासन प्रवर्द्धन गर्नु ।

६. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयार गर्दा निम्नानुसारका नीति तथा कानून लगायतलाई आधारका रुपमा लिएको छु ।

   क) नेपालको संविधान

ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
ग) नेपाल सरकारको १६औँ आवधिक योजना
घ) गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजना
ङ) बेनी नगरपालिकाको प्रथम आवधिक योजना
च) स्थानीय जनताको माग तथा आवश्यकता
छ) संघीय तथा प्रादेशिक अनुदान, राजस्व बाँडफाँट र स्थानीय राजस्व परिचालनबाट प्राप्त हुने आम्दानी
ज) दीगो विकास लक्ष्यहरू
झ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन, २०७६ र नियमावली, २०७७
ञ) स्थानीय तहको वार्षिक योजना, बजेट तर्जूमा दिग्दर्शन
ट) संघीय सरकारको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम र बजेट
ठ) गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम र बजेट
ड) बेनी नगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम
ढ) सार्वजनिक खर्चमा मितव्ययीता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन

७. आर्थिक वर्ष २०८३।८४ को बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यहरू बस्तीस्तरबाट शुरू गरी वडा कार्यालय, विषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति हुँदै नगर कार्यपालिकामा छलफलको प्रबन्ध मिलाई कार्यपालिकाको स्वीकृतिले आजको यस नगर सभाको अधिवेशनमा पेस गरेको बेहोरा सभाका सदस्यहरूलाई जानकारी गराउन चाहान्छु।

सभाध्यक्ष महोदय,

८. अब म गत आर्थिक वर्ष २०८१।८२ मा नगरपालिकामा प्राप्त भएको आन्तरिक आम्दानीको यथार्थ विवरण प्रस्तुत गर्दछु।

वडा नं. १ को कार्यालयबाट संकलन भएको रू. ७ लाख ४८ हजार,
वडा नं. २ को कार्यालयबाट संकलन भएको रू. ९ लाख ९४ हजार,
वडा नं. ३ को कार्यालयबाट संकलन भएको रू. ८ लाख ६४ हजार,
वडा नं. ४ को कार्यालयबाट संकलन भएको रू. १२ लाख ८४ हजार,
वडा नं. ५ को कार्यालयबाट संकलन भएको रू. ८ लाख ६५ हजार,
वडा नं. ६ को कार्यालयबाट संकलन भएको रू. ५ लाख २६ हजार,
वडा नं. ७ को कार्यालयबाट संकलन भएको रू. २१ लाख २८ हजार,
वडा नं. ८ को कार्यालयबाट संकलन भएको रू. ४५ लाख ८७ हजार,
वडा नं. ९ को कार्यालयबाट संकलन भएको रू. १६ लाख ३९ हजार र
वडा नं. १० को कार्यालयबाट संकलन भएको रू. ५ लाख ८ हजार

गरी वडा कार्यालयहरुबाट जम्मा रू. १ करोड ४१ लाख ४३ हजार राजस्व संकलन भएको छ। साथै नगर कार्यपालिकाको कार्यालयबाट २ करोड ५४ लाख ८ हजार रुपैयाँ आन्तरिक राजस्व संकलन भएको छ। स्थानीय राजस्व बाँडफाँडतर्फ घर जग्गा रजिष्ट्रेशन शुल्क बापत् ६७ लाख ६४ हजार, दहत्तर बहत्तर बिक्री बापत् १९ लाख ५६ हजार र विज्ञापन कर बापत् रु १ लाख ४६ हजार गरी कुल जम्मा ४ करोड ८४ लाख १७ हजार रुपैयाँ राजस्व संकलन भएको छ।

९. त्यस्तै चालु आ.व.को ११ महिना (जेठ मसान्त सम्म) मा,

वडा नं. १ को कार्यालयबाट रू. ९ लाख ८० हजार,
वडा नं. २ को कार्यालयबाट रू. १० लाख २६ हजार,
वडा नं. ३ को कार्यालयबाट रू. ६ लाख ६५ हजार,
वडा नं. ४ को कार्यालयबाट रू. १४ लाख २६ हजार,
वडा नं. ५ को कार्यालयबाट रू. १३ लाख २ हजार,
वडा नं. ६ को कार्यालयबाट रू. ६ लाख ८० हजार,
वडा नं. ७ को कार्यालयबाट रू. २२ लाख ८ हजार,
वडा नं. ८ को कार्यालयबाट रू. ४७ लाख २७ हजार,
वडा नं. ९ को कार्यालयबाट रू. १६ लाख ९९ हजार र
वडा नं. १० को कार्यालयबाट रू. ६ लाख ७२ हजार

गरी वडाबाट जम्मा रू. १ करोड ५३ लाख ८५ हजार राजस्व संकलन भएको छ। साथै नगर कार्यपालिकाको कार्यालयबाट रु १ करोड ७१ लाख २६ हजार आन्तरिक राजस्व संकलन भएको छ। स्थानीय राजस्व बाँडफाँडतर्फ घर जग्गा रजिष्ट्रेशन शुल्क बापत् रु ६१ लाख ७२ हजार, दहत्तर बहत्तर बिक्री बापत् ७ लाख १३ हजार र विज्ञापन कर बापत् रु २ लाख १० हजार गरी कुल जम्मा रु. ३ करोड ९६ लाख ६ हजार राजस्व संकलन भएको छ।

१०. आर्थिक वर्ष २०८१।८२ को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा जिल्ला समन्वय समितिको मूल्याङ्कनबाट ७९.९ अङ्क कायम भई भूमी व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अन्तिम मूल्याङ्कनमा रहेको बेहोरा अवगत गराउन चाहन्छु।

सभाध्यक्ष महोदय,

११. अब म गत आर्थिक वर्षको यथार्थ खर्च, चालु वर्षको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको अनुमानित आय र व्ययको विवरण यस गरिमामय सभामा पेस गर्ने अनुमति चाहान्छु।

१२. गत आर्थिक वर्ष २०८१।८२ मा कुल बजेट रू. ७५ करोड ५६ लाख ११ हजारमध्ये चालु तर्फ रू ५४ करोड ४६ लाख २६ हजार र पूँजीगत तर्फ जम्मा रू २१ करोड ९ लाख ८५ हजार विनियोजन भएकोमा चालुतर्फ रू ४७ करोड ८३ लाख ३ हजार (८७.८३%) र पूँजीगत तर्फ रू १७ करोड ७२ लाख १५ हजार (८३.९९%) गरी जम्मा रू ६५ करोड ६५ लाख १९ हजार (८६.७५%) यथार्थ खर्च भएको छ।

१३. चालु आर्थिक वर्ष २०८२।८३ मा अठारौँ अधिवेशनबाट थप अनुमान समेत गरी कूल रू ७३ करोड ९ लाख ६२ हजार अनुमान रहेकोमा गत एघार महिनामा कुल खर्च रू ४८ करोड ६१ लाख ७२ हजार (६६.५१%) रहेको छ। कुल खर्चमध्ये चालु तर्फ रू. ४० करोड ७४ लाख २९ हजार (७५.६९ %) र पूँजीगत तर्फ रू. ७ करोड ८७ लाख ४३ हजार (४०.८७%) खर्च रहेको छ। चालु आर्थिक वर्षको असार मसान्तसम्ममा कुल बजेटमध्ये ७० करोड २४ लाख ६२ हजार (९६.१%) खर्च हुने संशोधित अनुमान छ । खर्चको संशोधित अनुमानबाट संघीय सशर्त र गण्डकी प्रदेशको सशर्त अनुदानमा खर्च नभई बाँकी हुने रकमलाई तत् तत् सरकारका सञ्चित कोषमा फिर्ता गरी चालु आर्थिक वर्षमा खर्च नभई स्थानीय सञ्चित कोषमा फिर्ता हुने अनुमानित रकम रू २ करोड ८५ लाख आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्ने व्यवस्था मिलाएको छु।

१४. चालु आर्थिक वर्ष २०८२।८३ को पछिल्लो ११ महिनामा क्षेत्रगत रुपमा बजेट खर्चको अवस्था प्रस्तुत गर्न चाहन्छु । यस अवधिमा आर्थिक विकास तर्फ रू. २ करोड ८८ लाख १० हजार विनियोजन भएकोमा खर्च रू. १ करोड २८ लाख ५१ हजार (४४.६१%), सामाजिक विकास तर्फ रू. ४२ करोड ७८ लाख १८ हजार विनियोजित रकम मध्ये खर्च रू. ३२ करोड ९३ लाख १७ हजार (७६.९८%), पूर्वाधार विकास तर्फ रू. १२ करोड ९२ लाख ४२ हजार मध्ये खर्च रू. ५ करोड ८९ लाख २२ हजार (४५.५९%), सुशासन तथा संस्थागत क्षमता विकास, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च र विपद् व्यवस्थापन तर्फ गरी रू. १४ करोड ५० लाख ९१ हजार मध्ये रू. ८ करोड ५० लाख ८० हजार (५८.६४%) खर्च भएको व्यहोरा सम्मानित सभालाई जानकारी गराउँछु।

१५. आर्थिक वर्ष २०८३/८४ को लागि कुल बजेटको आकार रू ७५ करोड ५२ लाख ७५ हजार रहेको छ। कुल बजेटमा चालु खर्चतर्फ रू. ५६ करोड ४ लाख ५० हजार (७४.२० प्रतिशत) तथा पूँजीगत खर्चतर्फ रू. १९ करोड ४८ लाख २५ हजार (२५.८० प्रतिशत) हुने अनुमान गरेको छु। जसमध्ये संघीय समानीकरण अनुदान रू. ११ करोड ७४ लाख, संघीय राजस्व बाँडफाँड रू. ९ करोड ४८ लाख ६ हजार, गण्डकी प्रदेश सरकार समानीकरण अनुदान रू. १ करोड ५५ लाख ३९ हजार, गण्डकी प्रदेश सरकार सवारी साधन कर बाँडफाँडबाट रू. १ करोड ९० लाख ७४ हजार, संघीय सशर्त कार्यक्रमतर्फ रू. ३८ करोड ८४ लाख, गण्डकी प्रदेश सरकार समपूरक र विशेष अनुदानतर्फ रू १ करोड, संघीय सरकार समपूरक अनुदान रू. १ करोड ३७ लाख, संघीय विशेष अनुदान रू. ७७ लाख, आन्तरिक आय अनुमान रू. ४ करोड ७९ लाख ५ हजार, मालपोत रजिष्ट्रेशन बाँडफाँड रू ७५ लाख, बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर, मनोरञ्जन कर र दहत्तर बहत्तर बिक्रीबाट प्राप्त ६० प्रतिशत रकम रू. ४७ लाख ५० हजार गरी कूल रकम रू ६ करोड १ लाख ५५ हजार हुने देखिन्छ। आगामी आर्थिक वर्षको न्यून बजेट पूर्ति चालु आर्थिक वर्षको स्थानीय सञ्चित कोष फिर्ता हुने रकमबाट गर्ने गरी आवश्यक प्रबन्ध मिलाएको छु।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्षको लागि विषय क्षेत्रगत रूपमा बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु।

क) आर्थिक विकास

१६. आगामी आर्थिक वर्षमा आर्थिक विकास तर्फका योजनाहरूका सशर्त बाहेकका लागि जम्मा रू २ करोड ६ लाख विनियोजन गरेको छु। आर्थिक विकास क्षेत्रमा विनियोजित रकम कुल बजेट सीमाको ५.६१ प्रतिशत रहेको जानकारी गराउँदछु।

कृषि विकास

१७. कृषि उपजको उचित मूल्य र बजार पहुँचको लागि **कृषि उत्पादन व्यवस्थापन प्रणाली** सञ्चालन गर्नको लागि बेनी नगरपालिका वडा नं. ८ पीपलचोकमा कृषि उपज सङ्कलन केन्द्रको निर्माण तथा सञ्चालन गर्नका लागि रू. २५ लाखको व्यवस्था मिलाएको छु।

१८. बेनी नगरपालिका अन्तर्गत रहेका कृषकहरुलाई तरकारी उत्पादनमा आकर्षित गर्न उत्पादनमा आधारित अनुदानको व्यवस्था गरेको छु। यसको लागि रु १५ लाख बजेट बिनियोजन गरेको छु। मागमा आधारित फलफूल बगैंचा व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न समेत आवश्यक बजेट विनियोजन गरेको छु।

१९. समग्रमा बेनी नगरपालिकाको कृषि क्षेत्रको विकासका लागि सशर्त तर्फका कार्यक्रम अलावा बेनी नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट कार्यान्वयन हुने गरी कुल ६५ लाख ५० हजार रूपैयाँ विनियोजन गरेको छु।

पशुपन्छी विकास

२०. उत्पादन (पाठापाठी उत्पादन तथा गाईभैँसीको दुध उत्पादन) मा आधारित प्रोत्साहन कार्यक्रमका लागि १० लाख रूपैयाँ बजेट विनियोजन गरेको छु। पशुपन्छीको रोग निदान, उपचार सेवा, औषधीहरू तथा खोप खरिदका लागि ८ लाख ५० हजार रूपैयाँ विनियोजन गरेको छु। साथै संघीय सशर्त अनुदान तर्फ पशु पकेट क्षेत्र (गाई भैँसी) विकास कार्यक्रमका लागि २५ लाख विनियोजन भएको छ। बेनी नगर क्षेत्रका छाडा पशु चौपाया व्यवस्थापनका लागि समेत आवश्यक बजेट व्यवस्था गरेको छु। घरपालुवा कुकुर दर्ता, बन्ध्याकरण, खोप सेवा लगायतका कार्यका लागि आवश्यक व्यवस्था गरेको छु।

२१. पशु उत्पादनमा वृद्धि गर्न पशुपन्छी पालन व्यवसाय प्रवर्द्धन र सम्वर्द्धनका लागि पशु नश्ल सुधार, आहार व्यवस्थापन र पशु स्वास्थ्य शिविर सञ्चालन गर्नका लागि समेत आवश्यक बजेटको प्रबन्ध मिलाएको छु।

२२. बेनी नगरपालिकामा पशुपन्छी विकासका लागि बेनी नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट कार्यान्वयन हुने गरी सशर्त कार्यक्रमका अलावा कुल ४१ लाख ५० हजार रूपैयाँ विनियोजन गरेको छु।

खानेपानी तथा सिंचाई व्यवस्थापन

२३. बृहत घोप्टेखोला खानेपानी आयोजना कार्यान्वयन गर्न नगरपालिकाले बेहोर्ने साझेदारीका लागि रु ५० लाख बजेटको प्रबन्ध गरेको छु। साथै खानेपानी तर्फ अन्य विभिन्न योजनामा कुल रू ३९ लाख विनियोजन भएको छ।

२४. संघ सरकारको विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने गरी वडा नं. २ मा चिसापानी गौश्वारा खानेपानी योजनाका लागि रु. ७७ लाख विनियोजन गरिएको छ। प्रदेश सरकारको विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने गरी वडा नं. ९ मा तहलाआला – व्याडा - गिठिनी सिंचाई आयोजनाका लागि रु ४० लाख विनियोजन भएको छ। खलखले अधेरीखोला डिप बोरिङ संभाव्यता अध्ययन तथा निर्माणका लागि रु १५ लाख ५० हजार विनियोजन गरेको छु। यी योजना कार्यान्वयनबाट नगरले लिएको **एक घर, एक धारा**को नीति कार्यान्वयन हुने अपेक्षा गरेको छु।

२५. बेनी नगरपालिकाको कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न तथा नगरक्षेत्र भित्रका पानी र सिंचाइका स्रोतको संरक्षण, सदुपयोग र दिगो व्यवस्थापन लागि सिंचाइ व्यवस्थापन गर्न नगरस्तरीय तथा वडास्तरीय कार्यक्रमका लागि कुल २७ लाख ५० हजार रूपैयाँ विनियोजन गरेको छु।

उद्यमशिलता, सीप विकास तथा रोजगारी

२६. सीप र उद्यमशिलताको माध्यमबाट महिला तथा आमा समूहको सशक्तिकरण गर्न आमा समूहसँग उपमेयर कार्यक्रम सञ्चालन गर्न रु २० लाख विनियोजन गरेको छु।

२७. नवयुवा (Gen Z Group) हरुलाई वारिष्टा तथा बेकरी तालिम प्रदान गरी स्वरोजगार बनाउन बजेटको प्रबन्ध मिलाएको छु। राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको लागि नेपाल सरकारसँगको सहलगानीमा कार्यक्रम सञ्चालन गर्न रु ८ लाख ९४ हजार बजेट प्रबन्ध गरेको छु।

२८. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित तथा व्यवस्थित गराउने उद्देश्यले यस नगरपालिकामा सुरक्षित रोजगार सम्बन्धी आप्रवासी स्रोत केन्द्र (सहायता कक्ष) सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाएको छु।

२९. उद्यमशिलता, सीप विकास तथा रोजगारी प्रवर्द्धनको लागि नगरपालिका र वडा कार्यालय तर्फबाट गरी कुल ३६ लाख ८४ हजार विनियोजनको प्रबन्ध मिलाएको छु।

सहकारी

३०. नगरक्षेत्र भित्रका सहकारीलाई सामाजिक तथा आर्थिक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ। सहकारी संस्थाको अनुगमन तथा नियमन लगायत क्षमता विकास कार्यक्रम गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

पर्यटन प्रवर्द्धन

३१. गलेश्वरधामलाई उत्कृष्ट धार्मिक क्षेत्रका रूपमा विकास गर्न सञ्चालित गलेश्वर क्षेत्र सौन्दर्यीकरण कार्यक्रमलाई निरन्तरता दिएको छु। यस वर्ष गलेश्वर बजार क्षेत्रको पार्किङ व्यवस्थापन र शव दाह स्थल निर्माणको लागि साझेदारीमा कार्यक्रम कार्यान्वयन हुने गरी रु १८ लाख ५० हजार विनियोजन गरेको छु।

३२. ऐतिहासिक तथा पौराणिक महत्त्व बोकेको रावण पार्क आयोजनाका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको आदेश अनुसार संघ तथा प्रदेश सरकार समेतको साझेदारीमा थप पूर्वाधार संरचना निर्माण गरी रामायण पार्कका रुपमा विकास गर्दै लगिनेछ। हाललाई रावण पार्कको दायित्व भुक्तानीका लागि आवश्यक बजेटको प्रबन्ध मिलाएको छु। साथै बेनी बजार भ्यु पोइन्टका रुपमा विकास गर्न लभ्लिहिल पर्यटन प्रवर्द्धनका लागि रू. २५ लाख बजेट विनियोजन प्रस्ताव गरेको छु।

३३. बेनी नगरपालिकाको पर्यटन प्रवर्द्धन गर्नका लागि कुल रू. १ करोड २२ लाख ५० हजार रूपैयाँ विनियोजन गरेको छु।

ख) सामाजिक विकास

३४. सामाजिक विकास क्षेत्रमा शसर्त अनुदान बाहेक रू ६ करोड १६ लाख २५ हजार विनियोजन गरेको छु। सामाजिक विकास क्षेत्रमा बिनियोजित रकम कुल बजेट सीमाको १६.७९ प्रतिशत रहेको जानकारी गराउँदछु।

शिक्षा तथा खेलकुद

३५. नेपाल सरकारले राष्ट्रसेवक कर्मचारीहरुको तलब भत्तामा गरेको वृद्धिलाई मध्यनजर गरी सामुदायिक विद्यालयहरूमा कार्यरत विद्यालय कर्मचारी, बालविकास सहजकर्ता तथा कार्यालय सहयोगी र सामुदायिक सिकाई केन्द्रमा कार्यरत सामाजिक परिचालकको पारिश्रमिकमा नगरपालिकाले बेहोर्दै आएको रकममा १० प्रतिशत वृद्धि गरेको छु। बेनी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा कार्यरत कार्यालय सहयोगी, बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीको पारिश्रमिकका लागि थप १ करोड १८ लाख रूपैयाँ विनियोजन गरेको छु।

३६. माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूमा सीप विकास गरी दक्ष र सीपयुक्त जनशक्ति उत्पादनका लागि नगरपालिकाको नियमित कार्यक्रम "**वी क्यान वी डू (We can We do)**" का लागि जम्मा रू १४ लाख बजेटको प्रबन्ध मिलाएको छु।

३७. नगर भित्र शिक्षाको अधिकारबाट बालबालिका तथा लक्षित वर्गका महिला, दलित, अल्पसंख्यक कोही पनि बञ्चित हुन नपरोस् भन्ने हेतुले छात्रवृत्ति स्वरूप रू ५ लाख ५० हजार विनियोजन गरेको छु। स्थानीय पाठ्यपुस्तक लेखन तथा छपाई कार्यक्रमका लागि रू १३ लाख विनियोजन गरेको छु।

३८. बेनी नगरपालिका मातहतका सामुदायिक विद्यालयहरूमा कार्यरत प्रधानाध्यापक, शिक्षक तथा अभिभावकहरूको उत्प्रेरणा, तालिम, गोष्ठी, योग लगायतका क्षमता विकास तथा प्रोत्साहन कार्यक्रमका लागि रू १० लाख ५० हजार बजेट विनियोजन गरेको छु।

३९. नगरस्तरीय खेलमैदानको रूपमा रहेको बेनी रङ्गशाला (खुला मञ्च), चुत्रेनी खेलमैदान र भलिबल ट्रेनिङ सेन्टर निर्माणका लागि रू २६ लाख विनियोजन गरेको छु। राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई थप प्रभावकारी रूपमा सञ्चालन गर्न जम्मा रू. ११ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

४०. बेनी नगरपालिकाको शिक्षा तथा खेलकुद क्षेत्रका लागि सशर्त कार्यक्रम बाहेक कुल रू. २ करोड ७९ लाख बजेट विनियोजन गरेको छु।

स्वास्थ्य सेवा

४१. **"ज्येष्ठ नागरिकको घरघरमा स्वास्थ्यकर्मी"** तथा **"नसर्ने रोगको नि:शुल्क परीक्षण"** कार्यक्रमलाई सञ्चालनका लागि रू १४ लाख विनियोजन गरेको छु।

४२. **संस्थागत सुत्केरी**लाई प्रोत्साहन गर्न यातायात खर्च उपलब्ध गराइनेछ। सुत्केरी जाँच गर्न स्वास्थ्यकर्मी घर घरमा परिचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४३. स्वास्थ्य सेवा तर्फ संघीय सशर्त अनुदानबाट प्राप्त हुने रकमको अलावा नगरस्तरीय कार्यक्रमका लागि ४५ लाख र वडास्तरीय कार्यक्रमको लागि रु ७ लाख गरी रू. ५२ लाख विनियोजन गरेको छु।

लैंगिक समानता तथा सामाजिक समावेशीकरण

४४. नगरभित्र महिला सशक्तिकरण मार्फत् हरेक क्षेत्रमा महिलाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैङ्गिक मूलप्रवाहीकरण तथा सारभूत लैङ्गिक समानता कायम गर्न जनचेतनामूलक कार्यक्रम गर्नका लागि आवश्यक रकम विनियोजन गरको छु।

४५. हिंसा प्रभावितहरूका लागि अल्पकालीन आश्रय सहित तत्कालै उद्धार गर्ने व्यवस्था मिलाई त्यसका लागि राहत, उद्धार, पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४६. लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ नगरस्तरीय कार्यक्रमका लागि कुल रू ६८ लाख ५५ हजार विनियोजन गरेको छु।

भाषा, कला, साहित्य र संस्कृति

४७. बेनी नगर क्षेत्रभित्रको भाषा, कला, साहित्य र संस्कृति प्रवर्द्धन कार्यक्रम अन्तर्गत स्नान स्थल निर्माण, वाद्यवाधन सामग्री खरिद, भेषभूषा संरक्षण लगायतको लागि रु १३ लाख ७० हजार विनियोजन गरेको छु।

ग) पूर्वाधार विकास

४८. बेनी नगरपालिका र वडाको केन्द्रसम्म जोड्ने सडकलाई क्रमिक रुपमा पक्की सडकका रुपमा विकास गर्ने नीति अनुरुप सडक स्तरोन्नतीको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४९. नगरका गौरबका आयोजनाहरूलाई प्राथमिकतामा राखी आवश्यक बजेट विनियोजनको व्यवस्था मिलाएको छु। बेनी नगरपालिकाको ६०% र संघीय सरकारको ४०% साझेदारीमा जम्मा रू ३ करोड ४२ लाख ५० हजार रकमको बेनी – पुलाचौर - टोड्के सडक स्तरोन्नती आयोजना कार्यान्वयन गरिनेछ। त्यसैगरी नगरपालिकाको ६०% र गण्डकी प्रदेश सरकारको ४०% साझेदारीमा रू १ करोड ५० लाख रकमको बेनी – दुधेखोला – थामडाँडा – मरेक - बरंजा सडक स्तरोन्नती गर्ने व्यवस्था मिलाएको छु।

५०. पूर्वाधार विकास क्षेत्रमा शसर्त अनुदान बाहेकको कुल बजेट सीमाको रू. १३ करोड ८८ लाख (३७.८३ प्रतिशत) बजेट विनियोजनको व्यवस्था मिलाएको छु।

घ) वन, वातावरण तथा विपद् व्यवस्थापन

५१. सबै प्रकारका विपद्को रोकथाम तथा न्यूनीकरणका लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषमा १० लाख रूपैयाँ विनियोजन गरेको छु।

५२. बेनी नगरपालिका क्षेत्रमा सडक मर्मत गरी बाह्रै महिना सञ्चालन गर्नका लागि रू ४० लाख बजेट विनियोजन गरेको छु। बेनी नगरपालिकाभित्र देखिने विभिन्न विपद्जन्य घटनाहरूको सम्भावित क्षति न्यूनीकरण गरी उद्धार, राहत र पुनर्स्थापनाको कार्यका लागि आवश्यक बजेट व्यवस्था मिलाएको छु।

५३. तीनै तहको लागत साझेदारीमा सञ्चालित मनसुन प्रभावितका लागि निजी आवास पुनर्निर्माण कार्यक्रमका साथै बेनी नगरपालिकाको **विपन्न आवास** कार्यक्रमको निरन्तरताको व्यवस्था मिलाएको छु। निजी आवास पुनर्निर्माणका लागि रु १० लाख र विपन्न आवास कार्यक्रमका लागि रू ४१ लाख विनियोजन गरेको छु।

ङ) सुशासन तथा संस्थागत विकास

५४. नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालय व्यवस्थापन, सूचना प्रविधि जडान, सार्वजनिक सुनुवाई कार्यक्रम, सामाजिक परीक्षण, बजेट पुस्तिका तथा आवधिक योजना प्रकाशन, कर्मचारी जनप्रतिनिधि तालिम लगायत गरी सुशासन तथा संस्थागत विकासका लागि लागि रु ७५ लाख विनियोजन गरेको छु।

५५. नेपाल सरकारले राष्ट्रसेवक कर्मचारीहरुको तलब भत्तामा गरेको वृद्धि अनुरुप हुने गरी बेनी नगरपालिका अन्तर्गतका स्थायी कर्मचारीहरुको लागि तलब, भत्ता वृद्धि हुने प्रबन्ध मिलाएको छु। बेनी नगर कार्यपालिकाको कार्यालय र मातहतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको हकमा खाईपाई आएको तलबमा १० प्रतिशत वृद्धि हुने व्यवस्था मिलाएको छु। नेपाल सरकार र प्रदेश सरकारसँगको साझेदारीमा सञ्चालित कार्यक्रम

तर्फ आबद्ध कर्मचारीहरुको हकमा नगरपालिकाले बेहोर्ने हिस्साको १० प्रतिशतले हुन आउने रकम वृद्धि गरेको छु। बेनी नगर कार्यपालिकाको कार्यालय र मातहतको वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत करार सेवाका कर्मचारीलाई आन्तरिक मापदण्डका आधारमा योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

सभाध्यक्ष महोदय,

५६. आर्थिक वर्ष २०८३।८४ को लागि नगरपालिकाले लगाउने कर तथा दस्तुरहरूको सम्बन्धमा बनेको बेनी नगरपालिकाको आर्थिक विधेयक, २०८३ र बजेट तथा कार्यक्रमहरूको एकीकृत दस्तावेज बेनी नगरपालिकाको विनियोजन विधेयक, २०८३ यसै बजेट बक्तव्यका साथ संलग्न गरी सभामा स्वीकृतिको लागि पेस गरेको छु। साथै बेनी नगरपालिकाको तीन बर्षे बजेटको अनुमानसहितको मध्यमकालिन खर्च संरचना (आर्थिक वर्ष २०८३।८४ देखि आर्थिक वर्ष २०८५।८६ सम्म) सभामा स्वीकृतिको लागि यसैसाथ संलग्न गरी पेस गरेको छु।

५७. सीमित स्रोतको विनियोजनबाट धेरै जनताको अपेक्षा र चाहना सम्बोधन गर्नुपर्ने अवस्थामा योजनाको प्राथमिकीकरण गर्ने कार्यमा सहयोग पुर्याउनु हुने यस नगरपालिकाका सबै राजनीतिक दलहरु, समाजसेवी, बुद्धिजीवि तथा विज्ञ एवम् प्रबुद्ध व्यक्तित्वहरुबाट प्राप्त राय सुझाबका लागि कृतज्ञ छु। आदरणीय नगर प्रमुखज्यूबाट निर्देशन र मार्गदर्शनका लागि आभार व्यक्त गर्दछु। रचनात्मक सुझाब प्रदान गर्नुहुने सञ्चारकर्मी तथा पत्रकार ज्यूहरुलाई धन्यवाद व्यक्त गर्न चाहन्छु। बजेट तर्जुमाको कार्यमा सहयोग पुऱ्याउनु हुने सबै निर्वाचित जनप्रतिनिधिहरु प्रति आभारी छु। विभिन्न प्राविधिक एवम् अन्य कार्यमा सहयोग पुर्याउनु हुने नगरपालिकाका कर्मचारी साथीहरु लगायत अन्य सरोकारवालाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा, बजेट कार्यान्वयनमा दृढ संकल्पित रहदैँ यसमा आ-आफ्नो क्षेत्रबाट सबैको सक्रिय सहयोग र सहभागिताको अपेक्षा राखेको छु।

धन्यवाद।

जय बेनी नगरबासी।
जय बेनी नगरपालिका।।
ईति सम्वत दिन २०८३ आषाढ ०९ रोज ०३ शुभम्।



बेनी नगरपालिका
बेनी, म्याग्दी
www.benimun.gov.np
benimunicipality@gmail.com